# नेपाल विवेकशील पार्टीको घोषणा पत्र, २०७८

पारित मिति: २०७८/०६/०३

वि.सं २००७ देखि २०७७ सम्मको ७० वर्षको समयमा मुलुकमा जनतामा निहित सार्वभौमसत्ता, बहुदलीय राजनीतिक प्रणाली, बालिग मतद्वारा निर्वाचित जनप्रतिनिधि मार्फत शासनसत्ता सञ्चालन र अभिव्यक्ति स्वतन्त्रताको अधिकार जस्ता संवैधानिक प्रावधानहरु नागरिकहरुको संघर्ष तथा बलिदानबाट स्थापित भए। संविधान सभाद्वारा संविधान लेख्ने नेपाली जनताको आकांक्षा समेत पूरा भई त्यसैमा टेकेर चुनाव भयो। नेपालको संविधान, २०७२ ले गणतन्त्र, संघीयता र समानुपातिक समावेशी प्रतिनिधित्वलाई लिपिबद्ध गरेको छ। मुलुकको अबको चुनौती संविधानको प्रभावकारी कार्यान्वयन गर्दै नेपाली जनताका विकास र संवृद्धिको आकांक्षा पूरा गर्नु रहेको छ।

लोकतान्त्रिक शासन व्यवस्था स्थापना गर्न निरङ्कुश शासन प्रणाली विरुद्धको संघर्षका लागि अहिलेका ठूला दलहरु स्थापित भएका थिए। कठोर त्याग, वलिदान र उत्सर्ग सहितको निरन्तर संघर्षले यी दलहरुले उक्त लक्ष्य प्राप्ति गरे। तर समयक्रममा यी दलहरुको संगठनात्मक स्वरुप र राजनीतिक कार्यशैली दोहनकारी हुन पुग्यो। जनताको विकास र संवृद्धिको आकांक्षा यी परम्परागत दलहरुबाट अपेक्षित रुपमा सम्बोधन हुन नसक्ने कुरामा लगभग आम धारणा बनेको छ। आम नागरिकले लोकतन्त्रको र संवैधानिक अधिकार प्राप्ति अझै पनि व्यवहारिक रुपमा अनुभूति गर्न सकेका छैनन्। पितृसत्ता, नातावाद, कृपावाद तथा जातीय विभेद जस्ता विभिन्न सामाजिक कुसंस्कारले दुःख दिन छोडेको छैनन् । क्षेत्रीय विभेद पनि मुलुकको एक समस्याको रुपमा रहेको छ। त्यसैले मूल्य-मान्यताको जगमा आधुनिक राजनीतिक संस्कार सहित विकास र संवृद्धिलाई जनआकांक्षा अनुरुप हाँक्न सक्ने र लोकतन्त्रलाई संस्थागत गर्ने भरपर्दो वैकल्पिक राजनीतिक संगठनको खोजीमा मुलुक छ।

वैकल्पिक राजनीतिक संगठनको यो राष्ट्रिय आवश्यकतालाई आत्मसात् गर्दै २०६९ मा तत्कालीन विवेकशील नेपाली दलबाट शुरु भएको यात्रा अनेक उतार-चढाब तथा चुनौतीका बाबजुद निरन्तर जारी छ। नेपालको संविधानमा समाजवाद उन्मुख लोकतन्त्र उल्लेख भए तापनि अहिले हाम्रो देशमा सर्वत्र अराजकता छ, राज्यको उपस्थिति न्यून छ। सरकारी नियुक्ति, बजार प्रणाली, प्रशासन, शिक्षा, स्वास्थ वा ठेक्कापट्टा सबैमा परम्परागत राजनीतिक दलको भद्दा राजनीतिकरण हावी छ। लोकतान्त्रिक राज्य व्यवस्थामा जनताले अपेक्षा गरेको विधिको शासन र जनउत्तरदायी राज्य संयन्त्र छायाँमा परेको छ। साम, दाम, दण्ड, भेद राजनीतिमा स्वभाविक हो भन्ने चलन परम्परागत दलहरुमा छ। राजनीतिमा अपराधीकरण छ, राजनीतिक दल संचालन गर्न

प्रयोग गरिने अधिकांश धनको स्रोत खुलेको छैन। यिनै चुनौतीहरुलाई सामना गर्न दरिलो लोकतान्त्रिक दलहरुको आवश्यकता भएर नै मैदानमा छ।

आज नेपालको राजनीति झन जटिल अवस्थामा पुगेको छ। दल र नेताहरुले नागरिकलाई पटक पटक निराश बनाएको छ। राजनीतिक बेइमानीले सबै हद पार गरिसकेको छ। आजको आवश्यकता आम नागरिकको स्वन्तन्त्र, सम्मानित र संवृद्ध जीवन जिउने आकांक्षा पूरा गर्न सक्ने सङ्गठन र नेतृत्व हो। यसको निम्ति सुसंस्कृत राजनीतिलाई निरन्तरता दिंदै, मूल्य मान्यताको राजनीति र नैतिकवान राजनीतिज्ञहरु अपरिहार्य छन्। व्यवहारिक रुपमा लोकतान्त्रिक र कार्यकुशल सङ्गठन, समतामूलक नीति, र जबाफदेही नेतृत्वले नै देशलाई राजनीतिक दिशा एवम् निकाश दिन सक्छ। नेपाल विवेकशील पार्टी आफूलाई त्यो आधुनिक राजनीतिक संस्कार सहितको **रूपान्तरणकारी** सङ्गठनको रूपमा स्थापित गर्दै, यो घोषणा पत्र जारी गरिएको छ ।

## हाम्रो राजनीतिक एजेन्डा

***जस्तो सुकै राम्रो दूरदृष्टि भए पनि, व्यवहारमा लागु गर्न सकिएन भने त्यो मतिभ्रम हुनेछ ।***

### १. लोकतन्त्रलाई संस्थागत गर्ने

- अभिव्यक्तिको स्वतन्त्रता लगायत मौलिक अधिकारहरूको रक्षा गर्दै कार्यान्वयन गर्ने
- संविधानको रक्षा गर्ने र कार्यान्वयन गर्ने
- संविधानलाई परिष्कृत बनाउने
    - नागरिकतामा भेदभाव हटाउने
    - निर्वाचन क्षेत्र हेरफेर हरेक १० वर्ष गर्ने
    - राष्ट्रिय सभाको प्रतिनिधित्वलाई हरेक प्रदेशको न्यूनतम प्रतिनिधित्व सुनिश्चित गरी त्यसपछि जनसंख्याको आधारमा तय गर्ने

### २. जातीय तथा लैंगिक विभेद विरुद्धको राष्ट्रिय संकल्प

- जातीय विभेदले गर्दा सयौं वर्षदेखि उत्पीडनमा परेका दलित समुदायलाई राज्यले क्षमा माग्ने र क्षतिपूर्तिको व्यवस्था गर्ने
- लैंगिक विभेदलाई न्यूनीकरण गर्दै जाने र लैंगिक हिंसा विरुद्ध शून्य सहनशीलता अपनाउने
- महिलामैत्री तथा लैंगिक अल्पसंख्यक मैत्री समाज र राज्य स्थापित गर्न उक्त समुदायहरुको सशक्तिकरण, प्रतिनिधित्व र सहभागिता सुनिस्चित गर्ने

### ३. भूमि सुधार गर्ने

- ❏ वासस्थानको लागि भूमि नभएकाहरुलाई भूमि/वासस्थानको व्यवस्था गर्ने
- ❏ भूमिको वैज्ञानिक उपयोगको लागि उपयुक्त वर्गीकरण गर्ने ।
- ❏ कृषिलाई थप व्यवसायिक तथा फाइदाजनक बनाउने

## ४. निर्वाचन प्रणालीमा सुधार ल्याउने

- ❏ सबै राजनीतिक दलहरुले स्थानीय चुनावमा पनि आफ्नो चुनाव चिन्ह लिएर लड्न पाउने र दीर्घकालीन रुपमा उम्मेदवारले चुनाव चिन्हको सट्टा नाम लिएर लड्ने
- ❏ समानुपातिकबाट चुनिएको व्यक्ति अर्को पटक समानुपातिकमा लड्न नपाउने
- ❏ सबै नेपालीलाई संसारको जुन ठाउँमा भए पनि मतदान गर्न पाउने व्यवस्था गर्ने
- ❏ निश्चित मापदण्ड अनुसार राजनीतिक दलहरुले सरकारबाट तोकिएको रकम/श्रोत पाउने
- ❏ निर्वाचनमा सबै उम्मेदवारलाई समान पहुँच दिने

## ५. नवप्रवर्तन र डिजिटलीकरण

- ❏ सबै सरकारी कामहरुमा प्रयोग हुने डाटाहरु डिजिटल गर्ने
- ❏ व्यक्तिगत डाटा सुरक्षाको निम्ति उचित कानून बनाई लागू गर्ने
- ❏ सबै सरकारी कामहरुमा भुक्तानी वित्तीय कारोबारद्वारा गर्ने
- ❏ इन्टरनेटको पहुँचलाई मौलिक अधिकार बनाउने
- ❏ वैज्ञानिक आधारमा ठेगानाको व्यवस्था गर्ने, सडक र घर सहजै पुग्ने गरी नाम, नक्सा बनाउने, हुलाकलाई वैज्ञानिकीकरण गर्ने
- ❏ नेपाललाई नवप्रवर्तनको केन्द्र बनाउने

## ६. हिंसा र भ्रष्टाचारमा शून्य सहनशीलता

- ❏ बाल बालिका र महिलाहरुलाई आत्मरक्षाको प्रशिक्षण दिने
- ❏ नैतिक शिक्षा प्रदान गर्ने जसको मद्दतले एक अर्काप्रतिको सम्मान र सहिष्णुतामा वृद्धि गरोस् र ठीक बेठीक छुट्याउन सक्ने क्षमताको  विकास होस्
- ❏ सम्पूर्ण नेता, कर्मचारीको स्वदेश तथा विदेशमा भएको चल-अचल सम्पतिको छानबिन हुने

## ७. जैविक राज्य (organic State)

- ❏ रसायनिक मलको प्रयोगलाई न्यूनीकरण गर्ने, जैविक मल कारखाना नेपालमा नै बनाउन पहल गर्ने, जैविक मलको विकासमा लगानी गर्ने, त्यस तर्फ किसानहरुलाई तालिम दिने
- ❏ प्लास्टिक मुक्त हुने
- ❏ जलविद्युत, सौर्य उर्जा लगायत नवीकरणीय उर्जा (renewable energy) को व्यापक वृद्धि गर्ने, नेपालको इन्धन भण्डारण क्षमता २ वर्षसम्म पुग्ने क्षमता बनाउने
- ❏ वातावरणको सुरक्षा गर्ने, अवैधानिक रुपमा क्रसर चलाउने वा वातावरण बिगार्नेलाई कडा सजाय दिने

- ❑ राष्ट्रिय निकुञ्जहरू र स्थानीय पार्कहरुको व्यवस्थापन/सुधार गर्ने, त्यसमा बसोबास गरिरहेका आदिवासीहरूको हक, वासस्थान तथा जनजीविकालाई सुरक्षित गर्ने
- ❑ गाँजा लगायत अन्य जडीबुटीलाई औषधि, कस्मेटिक तथा निर्यात उत्पादनको रुपमा विकास, व्यवस्थापन र प्रवर्धन गर्ने
- ❑ उचित पुनः प्रयोग र फोहोर व्यवस्थापन गर्ने, फोहोरलाई मोहर बनाउने, चक्रीय अर्थतन्त्रलाई प्रवर्धन गर्ने
- ❑ एग्रो फरेस्ट्रीको अवधारणालाई कार्यान्वयन गर्ने

### ८. गुरु राज्य

- ❑ सामुदायिक तथा सांस्कृतिक सम्पदा र धार्मिक स्थलहरुको संरक्षण गर्ने
- ❑ स्थानीय भाषाहरुको संरक्षण गर्ने; संस्कृत र अन्य स्थानीय भाषाहरु सिक्ने/सिकाउने व्यवस्था गर्ने
- ❑ पर्यटनका विविध विधाहरूको प्रवर्धन गर्ने
- ❑ कार्यशैलीमा शान्त र अतिथि मैत्री मनोवृत्तिको विकास गर्ने
- ❑ हरेक गाउँ/नगरपालिकामा पुस्तकालय खडा गर्ने
- ❑ कला, साहित्य जस्ता सिर्जनशील कार्यहरुलाई प्रोत्साहन दिने

### ९. संविधानले दिएको शिक्षा सम्बन्धी मौलिक अधिकारको कार्यान्वयन

- ❑ सार्वजनिक विद्यालयको गुणस्तरमा अभिवृद्धि गर्ने
- ❑ निश्चित क्षेत्र भित्र तोकिएको संख्या भन्दा बढी विद्यालय खोल्न नपाइने
- ❑ जनसंख्या अनुसार त्यो क्षेत्रमा न्यूनतम संख्यामा विद्यालय खोलिने
- ❑ विद्यार्थीलाई उच्च शिक्षा प्राप्त गर्न सहुलियतमा ऋणको व्यवस्था मिलाउने, सो ऋण पढाइ पूरा भएर काम गर्न थालेपछि चरणबद्ध रुपमा तलबबाट स्वत: काटिने, विदेश गए पूरै ऋण एकैचोटि तिर्नुपर्ने
- ❑ विद्यालय र विश्वविद्यालय भित्र राजनैतिक (भातृ) संगठनहरु खोल्न नपाइने र भए हटाइने; स्वतन्त्र युनियन (जसले सोही विद्यालय र विश्वविद्यालय भित्रका कर्मचारी तथा विद्यार्थीहरूको विषयहरु मात्र उठान गर्छन्) लाई रोक तोक नहुने
- ❑ व्यवसायिक शिक्षा/प्रशिक्षण (vocational training/studies) को प्रवर्धन गर्ने
- ❑ सबै शिक्षकहरुलाई शिक्षणशास्त्र (padagogy) अनिवार्य गर्ने
- ❑ वित्तीय तथा योग शिक्षालाई प्रवर्धन तथा प्रोत्साहन गर्ने

### १०. संविधानले दिएको स्वास्थ्य सम्बन्धी मौलिक अधिकारको कार्यान्वयन

- ❑ सार्वजनिक अस्पतालको गुणस्तरमा अभिवृद्धि गर्ने
- ❑ निश्चित क्षेत्रभित्र तोकिएको संख्या भन्दा बढी अस्पताल खोल्न नपाइने
- ❑ जनसंख्या अनुसार त्यो क्षेत्रमा न्यूनतम संख्यामा अस्पताल खोलिने

- ❑ स्वास्थ्य बिमाको प्रवर्धन गर्ने र क्रमशः अनिवार्य बनाउने
- ❑ अस्पताल तथाभित्र राजनैतिक (भातृ) संगठनहरु खोल्न नपाइने र भए हटाइने; स्वतन्त्र युनियन (जसले सोही अस्पताल भित्रका विषयहरु मात्र उठान गर्छन्) लाई रोकतोक नहुने

## ११. नेपाल र नेपालीको सुरक्षा

- ❑ भारतसँगको सीमा विवाद सुल्झाउने, खुल्ला सिमामा परिचय पत्र जाँच गर्ने र आवत जावतको अभिलेखीकरण गर्ने
- ❑ साइबर प्रतिरक्षाको लागि तालिमप्राप्त दस्ता बनाउने, सुरक्षाको विषयमा आधुनिक प्रविधि जस्तै ड्रोन (drone) को प्रयोग गर्ने
- ❑ छिमेकीहरुसँग शान्तिपूर्ण कुटनैतिक सम्बन्ध कायम राख्दै नेपालको भौगोलिक अखण्डतालाई सुरक्षित राख्ने
- ❑ प्राकृतिक श्रोतहरु (पानी, वन जंगल इत्यादि) को सुरक्षा गर्ने
- ❑ (प्राकृतिक) प्रकोपको पूर्वतयारी सहित चुस्त व्यवस्थापन गर्ने
- ❑ न्यायिक प्रक्रियालाई व्यवहारिक रुपमा स्वायत्त र स्वतन्त्र बनाउने
- ❑ पूर्वाधार र यातायातमा वैज्ञानिक रुपमा आधुनिकीकरण गर्ने
- ❑ सेनाको उपयुक्त संख्याको निर्धारण गर्ने तथा सेनालाई व्यापारीकरणबाट निरुत्साहित गर्ने
- ❑ सबै सुरक्षा निकायहरुलाई थप व्यवसायिक बनाउने
- ❑ प्रति जासुसी संयन्त्रलाई मजबुत बनाउने

## १२. नेपाल बनाउने नेपालीले नै हो

- ❑ घण्टाको न्यूनतम पारिश्रमिक तोक्ने
- ❑ विदेशमा रहेका प्रतिभाहरुलाई नेपाल फर्काउने
- ❑ कक्षा १० (SEE) उत्तीर्ण हुन २ - ३ महिना स्वयम्सेवी भई १०० पूर्णांक आउने श्रम गर्न पर्ने उदाहरण: वेटर, कार्पेट बुन्ने, कुमालेको काम गर्ने, अन्न उब्जाउने, खाद्य पदार्थहरू बेच्ने इत्यादि
- ❑ चरणबद्ध रुपमा २० वर्षभित्र सम्पूर्ण नागरिकको कमाइको आधारमा पेन्सनको व्यवस्था हुने, हाल कायम रहेको वृद्ध भत्ता क्रमैसँग हट्ने
- ❑ हरेक विश्वविद्यालय, शैक्षिक संस्था, NAST लगायतलाई विभिन्न क्षेत्रमा अनुसन्धान गर्न बजेट छुट्याउने
- ❑ खेलकुदलाई प्रोत्साहन गर्न भौतिक पूर्वाधार तथा खेलाडी, प्रशिक्षकको सेवा सुविधा जस्ता कुरामा लगानी गर्ने
- ❑ खाद्य वस्तु र हरेक सार्वजनिक स्थल (विद्यालय, होटल, रेस्टुरेन्ट, यातायात इत्यादि) को गुणस्तर बढाउनको लागि न्यूनतम मापदण्ड तोकी लागु गर्न कानुन तर्जुमा गर्ने
- ❑ बालबालिकाको हक-अधिकारको सुनिश्चितता गर्ने

- ❑ ज्येष्ठ-नागरिकको हक-हित र सम्मानको सुनिश्चितता गर्ने

**१३. राज्य संयन्त्र र शासन-कला**

- ❑ संवैधानिक निकाय, अदालत, राजदूत लगायतको नियुक्ति प्रणालीमा दलगत हस्तक्षेपको अन्त्य हुने गरी सुधार गर्ने
- ❑ सम्पूर्ण क्षेत्रबाट विभिन्न संघहरुको नाम, वा जुन सुकै प्रकारको सिन्डिकेटको अन्त्य गर्ने, सिन्डिकेट विरुद्ध कडा कानून ल्याउने
- ❑ प्रशासनिक तन्त्रलाई चुस्त र दुरस्त बनाउने र भ्रष्टाचारलाई न्यूनीकरण गर्ने
- ❑ पञ्चशीलको सिद्धान्तलाई अँगाल्दै असंलग्न नीतिलाई निरन्तरता दिने

**१४. सुसंस्कृत समाज सहितको आर्थिक रुपान्तरण**

- ❑ नागरिकलाई गरि खान सक्ने समाजको निर्माण गर्ने
- ❑ मौलिक व्यवसायलाई आधुनिकीकरण गर्दै बजार व्यवस्थापन गर्ने

**१५. गठबन्धन र सहकार्य**

- ❑ एजेन्डा मिलेको खण्डमा कुनै पनि राजनीतिक दल वा समूह वा व्यक्तिसँग सो विषयमा सहकार्य गर्ने
- ❑ लोकतान्त्रिक दलहरुसँग एजेन्डामा आधारित गठबन्धन गर्ने

# सबैको भलो होस् !